ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१६, २०७५ भदौर गते, शनिबार (Aug.18, 2018 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या ६



आपतकालिन व्यवस्थापन ?

पृष्ठ ३ मा

## सप्तकोशी नगरपालिकामा पोषण तथा कृषि प्रर्दशनी

खगेन्द्र कार्की

फत्तेपुर /सप्तकोसी नगरपालिकामा पहिलो पटक तरकारी तथा फलफूल प्रतियोगिता तथा प्रर्दशनि भएको छ।

सप्तकोसी नगरपालिका कृषि शाखाले आयोजना गरेको बहु क्षेत्रीय पोषण तथा कृषि प्रर्दशनी सप्तकोसी नगरपालिका वडा न ८ स्थित मङलहटियामा भएको हो।

प्रर्दसनी प्रतियोगितामा सप्तकोसी नगरपालिका वडा न ९ का महेन्द्र यादबले उत्पादन गरेको फर्सी प्रथम हुँदै नगद रु १० हजार सहित सम्मान पत्र प्राप्त गरेको छ । माँ भगवती कृषक समूहको च्याउ द्धितिय भइ नगद रु ७ हजार ,समान पत्र र ९ नं. वडाका कृषक शिवनारायण महतोले उत्पादन गरेको तरकारीका प्रकारले तृतीय हुँदै नगद ५ हजारसहित प्रसंशा पत्र प्राप्त गरेको छ। प्रर्दशनीमा ५२ प्रकारका कृषि उत्पादन राखिएको सप्तकोसी नगरपालिका कृषि शाखाका प्राबिधिक तथा कार्यक्रम संयोजक सञ्जय कुमार मल्लले जानकारी दिए



कृषि प्रर्दशनीका प्रमुख अतिथी सप्तकोसी नगरपालिकाका मेयर उत्तमकुमार शर्माले आफनै बारीमा उत्पादन गरेको तरकारी घमा प्रयोग गरे बालबालिकाहरु कुपोषण हुनबाट बच्ने बताए । कृषकहरुलाई हौसला दिदै उनले आफुले उत्पादन गरेका तरकारी तथा फलफूल निर्यात गरेर अन्न आर्जन गर्न सक्नु पर्ने बताए। तेस्तै कार्यक्रम कि बिशिष्ट अतिथी उप मेयर आशा चौधरीले बालबालिकाको खानामा घरायसी उत्पादित तरकारी नै प्रयोग गर्न आब्वान गरिन।

कार्यक्रममा समाजसेबी बिन्देश्वर साफी,मङलहटिया ब्यबस्थापन समितीका अध्यक्ष सितारम चौधरी, कञ्चनरुप नगरपालिकाका कृषि शाखा प्रमुख बेचन सडोक यादब, वडा न ६ का वडा अध्यक्ष कमलनारायण चौधरी ,वडा न ९ का वडा अध्यक्ष चन्द्रनारायण यादब,मत्स्य बिकास केन्द्र फत्तेपुरका प्रमुख जागेश्वर यादबले यस्ता प्रर्दशनी भइरहनु पर्ने बताउदै यसबाट कृषकहरु उत्साही हुने बताए।

कार्यक्रममा सप्तकोसी

बाँकी अन्तिम पृष्ठमा

## सार्वजनिक यातायातमा स्मार्ट कार्ड

फत्तेपुर / दिगो सार्वजनिक यातायातमा इ-टिकेटिङ तथा स्मार्ट कार्ड लागू हुने भएको छ।

नेपाल बैंकको सहकार्यमा एनक्लाउड प्रालिले नेपालमा पहिलो पटक सार्वजनिक यातायातमा इ-टिकेटिङ तथा स्मार्ट कार्ड शुरु गर्न लागेको हो। यस प्रविधिमा नगद टिकट प्रिन्टिङ तथा स्मार्ट कार्ड दुवैको व्यवस्था गरिएको बताइएको छ। आगामी दिनमा स्मार्ट कार्डलाई अन्य क्षेत्रमा जस्तै पेट्रोलपम्प, पसल, पार्किङ, विद्यालय तथा कलेजमा समेत प्रयोग गर्न सकिने एनक्लाउड प्रालिले जनाएको छ।

स्मार्ट कार्ड एक प्रकारको कन्टचाक्टलेस कार्ड हो। जसबाट सजिलै भुक्तानी गर्न सकिन्छ। स्मार्ट कार्ड अन्तर्राष्ट्रियस्तरअनुरूप पैसाको सट्टा अहिलेको प्रविधिअनुसार प्रयोग गर्न सकिन्छ। यो कार्ड बसका सहचालकसँग किन्न सकिनेछ।

दिगो सार्वजनिक यातायातमा भाडा तिर्दा दुई तरिकाबाट पैसा तिर्न सकिनेछ। पहिलो तरिकामा सहचालकलाई पैसा दिएर वा सहचालकसँग भएको डिभाइसमा कार्ड टयाप गरेर टिकट लिन सकिने छ। दोस्रो, बसको ढोकामा राखिएको डिभाइसमा भाडा दर थिचेर कार्ड टयाप गरेर पैसा तिर्न सकिन्छ। जसमा टिकट प्रिन्ट हुँदैन र त्यो केवल कार्ड भएको ग्राहकले मात्र गर्न सक्नेछन्। कार्ड रिचार्ज गर्न र कार्डमा ब्यालेन्स हेर्न सहचालकले प्रयोग गरेको डिभाइस मात्र प्रयोग गर्न सकिने छ।

## बराहको २४ औ वार्षिकोत्सव भव्य





धरान / धरानको प्रतिष्ठित व्यापारिक संस्था बराह ज्वेलरी ईण्डष्ट्रिज प्रालिले यस पटक २४ औ वार्षिकोत्सव भव्य मनाउने तयारी गरेको छ।

बार्षिक उत्सवको तयारी अन्तिम चरणमा पुगेको विहीबार प्रालीले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। आगामी भदौ ५ गते मंगलबार धरानको भानुचौक लोकतान्त्रिक चौतारीमा वार्षिक उत्सव मनाउने धरान शाखा प्रमुख मान बहादुर दियालीले जानकारी दिए। विगतको वर्षहरुमा झैं गरेको रक्तदान कार्यक्रमलाई निरन्तता दिदैं यस पटक भने १५ सय पिण्ट रगत संकलन गर्ने लक्ष्य लिएको उनले बताए।

कार्यक्रममा वर्षभरीमा

बाँकी अन्तिम पृष्ठमा



**सप्तकोशी. . .**

नगरपालिकाका स्वास्थ संयोजक जिबछ साहले प्रर्दशनीको उदेश्यबारे बताए ।

५२ प्रकारका तरकारी तथा फलफुलको स्टलहरुमा फर्सी,लौका,कटहर, कुभिन्डो ,करेला, भिन्डी, खोर्सानी, ओल,अनार,अम्बा,आँप लगाएतका तरकारी तथा फलफुल राखिएको थियो । उक्त प्रर्दशनीमा कृषि बिकास शाखाका अमृत चौधरीले स्वागत मन्तव्य राखेका थिए । वडा न ८ का वडा अध्यक्ष केदारप्रसाद साहको अध्यक्षतामा सम्पन्न कार्यक्रम को संचालन महिला तथा बालबालिका शाखा प्रमुख बिष्णु माया नेपालले गरेकी थिइन ।

**बराहको. . .**

ग्राहकहरुले किनबेच गरेका सामानहरुमा लक्की ड्र मार्फत एक जना भाग्यशाली ग्राहकलाई १५० सीसीको सुजुकी जिक्सर मोटरसाईकल प्रदान गरिने छ । वर्षभरी बराहमा सामान खरीद गर्ने ग्राहकहरुलाई खरिद बराबरको गिफ्ट ह्यामपर समेत प्रदान गरिनेछ ।सो कार्यक्रममा विभिन्न जातीय पहिचान झल्किने विविध सास्कृतिक कार्यक्रमहरु, जातिय भेषभुषा, झाँकी प्रस्तुती हुने जनाइएको छ । प्रांलिले यसै बर्षबाट विदेशमा सुनका गरगहनाहरु निर्यात गर्नको लागि आफनै प्रोडक्सन हाउसको सुनचाँदी तथा डिजाईनका हिरा जडित गर गहना उत्पादन गरिने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । २४ औं वार्षिक उत्सवमा धरानको ३ जना पत्रकारलाई समेत सम्मान गर्ने तयारी रहेको छ ।


जुनसुकै पत्रिका तथा रेडियो टिभीमा

विज्ञापन गर्नु परेमा

नेपालका राष्ट्रिय तथा स्थानीय पत्र-पत्रिकाहरुमा सूचना, विज्ञापन प्रकाशन, प्रसारण गर्नुपरेमा हामीलाई संझनुहोला ।

अमर एडभरटाईजिङ एजेन्सी

धरान-सुनसरी

९८५२०४९३२५, ९८५२०४७७७९



# सूचना

लोक सेवा आयोगको अग्रगामी सोंच आधुनिक परिक्षण प्रविधीको प्रयोगबाट योग्यतम व्यक्तिको छनौट ।

नेपाल सरकार

संचार तथा सूचना प्रविधि मन्त्रालय

सूचना विभाग


## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऔ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**

## सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ र
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऔ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ र कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्र्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**


दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरु:

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

विशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

सम्पादकीय....................

# नयाँ मुलुकी ऐनमा प्रेसलाई अंकुश

मुलुक अनुदार लोकतन्त्रको दिशामा उन्मुख भएको आम नागरिकलाई अनुभूति हुने गरि सरकारले काम गरिरहेको छ । सरकार र संसद्कै पनि कार्यशैली हेर्दा उदार लोकतान्त्रिक मान्यताको मर्ममा प्रहार गर्ने प्रयास भएको छ । यो किमार्थ राम्रो मान्न सकिदैन् । कुनै आन्दोलन नै नभएका अवस्थामा पनि निषेधाज्ञा जारी गरेर विरोध प्रदर्शन रोक्न खोज्ने, संविधानको भावनामात्र हैन अक्षरसम्मलाई मिच्न खोज्ने र सत्तारूढ दलका नेताका निकटस्थहरु 'गैरसंविधानिक शक्तिकेन्द्र' बन्दै जानु विडम्बना हो ।

नयाँ मुलुकी ऐन २०७५ सालको भदौ १ गतेबाट भएको छ । वर्तमान सरकार आएको केही महिनाभित्र नयाँ मुलुकी ऐन (संहिता) लागु हुनु संयोगमात्रै हो । तैपनि, सरकारका केही क्रियाकलापले झस्काएको हुनाले मुलुकी ऐनका अनुदार प्रावधान प्रेसको स्वतन्त्रता खुम्च्याउन प्रयोग गरिने हो कि भन्ने सन्देह फैलिएको छ । ऐन निर्माणका समयमा सरोकारवालासँग पर्याप्त छलफल नभएकाले लागु हुने बेला भएपछि यसमा रहेका कमजोरी केलाउन थालिएको छ । यसप्रति सरकार गम्भीर भएर नागरिकलाई विश्वस्त पार्न सक्नु पर्दछ ।

नयाँ मुलुकी ऐनको केही प्रावधानले प्रेस स्वतन्त्रता नियन्त्रण हुने भन्दै पत्रकारहरुले असहमति जनाएको अवस्था छ । विशेषगरी तस्बिर खिच्ने, कुनै ध्वनि रेकर्ड गर्ने र सार्वजनिक सरोकारका केही विषय छाप्न वा प्रसारण गर्न नमिल्ने प्रावधानाट नेपालको संविधान, २०७२ ले प्रत्याभूत गरेको सूचनाको अधिकार कुण्ठित हुने अवस्था देखिएको छ । पत्रकारले स्वतन्त्रतापूर्वक जनतालाई सूचना दिने र आफ्नो अभिव्यक्ति प्रकट गर्ने व्यावसायिक धर्म पूरा गर्न नसकुन भन्ने आसायले यस्तो ऐन जारी गर्नु किमार्थ राम्रो होईन । ऐनका कतिपय  दफाहरुले सञ्चारकर्मीलाई त्रसित बनाएका छन् ।

हुन त यी कुनै पनि दफाका लागि वर्तमान सरकारलाई अहिले दोष दिनु मिल्दैन् । अघिल्लो सरकारका पालामा यो ऐन निर्माण भएको हो । सार्वजनिक सञ्चारका हकमा नयाँ मुलुकी ऐनका प्रावधान लागु हुँदैनन् र पत्रकारलाई आचार संहिता र सञ्चार माध्यमलाई सम्बन्धित ऐनअनुसार कारवाही हुने स्पष्ट व्यवस्था सरकार र संसद्ले गर्नुपर्छ । सरकारले अनुदार प्रावधानको आड लिएर प्रेसलाई तर्साउने मौका छोप्न खोज्यो भने अन्तर्राष्ट्रिय जगतमा पनि सरकारको छवि बिग्रनेछ । यस कारण सरकारले सकेसम्म चाँडै मुलुकी ऐनका अनुदार दफाहरु सार्वजनिक सञ्चार माध्यमका हकमा आकर्षित नहुने प्रावधान समावेश गरी ऐन संशोधन गर्नु वाञ्छानिय हुने छ ।

# कर वृद्धिले स्थानीय सरकार असफल

दिपेन्द्र झा

अहिले कर सम्बन्धमा विभिन्नखालका हौवा फैलाइएका छन् । कहिले परेवा त कहिले खसीमा करजस्ता समाचार छ्यापछ्याप्ती आइरहेका छन् । यस्ता समाचारको मुख्य सार नै संघीयताले जनता आक्रान्त भएको देखाउन खोज्नु हो ।

हो, केही स्थानीय तहले मनपरी हिसाबले कर नबढाएका पनि होइनन् । जनतालाई सास्ती हुने गरी नै स्थानीय तहले कर वृद्धि गरेका छन् । यस्तो कर वृद्धिको समस्याको जडसम्म नपुगी यसरी समस्या पस्कने कार्य भैरहेको छ कि संघीय शासन

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै अधिकार स्थानीय तहमा निहीत गरियो । स्थानीय तहलाई प्रदेशअन्तरगत नराखी यत्तिकै छाडा छोडियो । यसकै परिणाम हो कि आज स्थानीय व्यवस्थापिकाले क र

प्रदेशलाई जम्माजम्मी ४ वटा घर अधिकार दिइएको छ । ती अधिकार हुन् जग्गा रजिष्ट्रेशन, सवारी साधन, मनोरञ्जन कर र कृषि कर ।

यसका साथै स्थानीय तहलाई घर बहाल, सम्पति, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन शीर्षकमा मात्र कर उठाउने अधिकार दिइएको छ । अत्यन्त न्यून कर उठने बाहेक ८० प्रतिशत क र उठाउने शीर्षक संघ सरकारले आफ्नै मातहत राखेको छ । विचरा प्रदेश र स्थानीयलाई [illegible]




व्यवस्थाप्रति नै जनताको वितृष्णा जागोस् ।

करवृद्धिको समस्यालाई संघीयताविरोधीहरुले सुनौलो अवसरका रुपमा प्रयोग गरिरहेका छन् । कर वृद्धिकै निहुँमा संघीयता असफल भयो भनी सावित गर्न उनीहरुले न्वारनदेखिको बल लगाइरहेका छन् । तर, आफैंले समस्या सिर्जना गर्ने, आफैंले उछाल्ने र अन्त्यमा शासन व्यवस्था नै असफल देखाउने यो रणनीति काम लाग्दैन ।

हो, जनता करको मारमा पर्नुहुँदैन । र, पहिलेदेखि लिँदै आएको करमा जनतालाई मार पर्ने गरी वृद्धि पनि गर्नुहुँदैन ।

प्रादेशिक सरकारहरुले नयाँ तथा थप कर लगाएको समाचार कहीं कतैबाट आएको छैन । त्यसैले यो समस्या स्थानीय तहले जन्माएको हो ।

विद्वानहरुले के बुझ्नुपर्छ भने स्थानीय सरकारलाई प्रदेशको मातहत नराखी बढी शक्तिशाली बनाइयो, आज त्यसकै प्रतिफल हो(करवृद्धि ।

विद्वानहरुले के बुझ्नुपर्दछ भने स्थानीय सरकारलाई प्रदेशको मातहत नराखी बढी शक्तिशाली बनाइयो, आज त्यसकै प्रतिफल हो यो । प्रदेशलाई कमजोर बनाउन रणनीतिक हिसाबले संविधान निर्माणताका स्थानीय तहलाई बलियो बनाइयो र स्थानीय तहलाई हुकुमी शासकीय अधिकार दिइयो । आज त्यसकै यो परिणाम हो ।

वृद्धिको निर्णय गर्छ । र, स्थानीय कार्यपालिकाले नै त्यसको कार्यान्वयनसमेत गर्छ ।

कम से कम स्थानीय तहको व्यवस्थापकीय कानून बनाउने अधिकार प्रदेशमा निहीत भएको भए प्रदेशभरिको स्थानीय तहमा एकै प्रकारको व्यवस्था लागू हुन्थ्यो । चाहे त्यो करको विषयमा होस् वा अन्य व्यवस्थापकीय प्रणालीमा ।

यसकारण, संघीयता असफल सिद्ध भएको होइन कि स्थानीयता असफल सिद्ध भएको हो । अब स्थानीयतालाई पुनः विचार गर्ने हो कि ? यसलाई प्रदेशअन्तर्गत कुनै न कुनै हिसाबले राख्ने र कर तथा अन्य नीति नियममा एकरुपता ल्याउनेदेखि कमी कमजोरीमा सुधार ल्याउनेमा सहायक हुने निश्चित छ ।

**अर्को दोषी संघीय सरकार**

स्थानीय तहलाई प्रदेशअन्तरगत नराखी छाडा छोडियो । यसकै परिणाम हो कि आज स्थानीय व्यवस्थापिकाले कर वृद्धिको निर्णय गर्छ

कर वृद्धिमा देखिएको छाडापनको दोस्रो कारक स्थानीय र प्रदेश सरकार होइन, संघीय सरकार हो । कर उठ्ने मूल शीर्षकहरु सबै आफ्नै अन्तर्गत राखेर स्थानीय र प्रदेशलाई कंगाल बनाउने अनि संघमा निर्भर बनाउने काम केन्द्र सरकारले गरेको छ ।

शीर्षकहरुमा अत्यन्त न्यून कर उठ्ने छ । उनीहरुले केन्द्रको अनुदानमा बाँच्ने बाहेक अर्को विकल्प छैन । आफू स्वयं आर्थिकरुपले सक्षम हुन थोरै कर लगाए पनि जनतालाई बढी भार पर्न जान्छ ।

मूल कर उठने भन्सार, अन्तशुल्क, मुल्यवृद्धिकर, पारिश्रमिक, व्यक्तिगत आयकर, जस्ता ठूलो रकम आउने सबै कर शीर्षकहरु एकलौटी संघले आफ्नै मातहत राखेको छ । तसर्थ अहिले देखिएको समस्याको मूल जड नै संघ सरकारले ठूलो रकम उठने सबै कर शीर्षक आफू मातहत राख्नु नै हो ।

आर्थिक वर्षको बजेट समेत ७०र८० प्रतिशत संघ सरकार आफैंले चलाउने गरी ल्याइएको छ । यसकारण जो होचो उसको मुखमा घोचो जस्तो हौवा फैलाएर संघीयतालाई बदनाम गर्ने काम भैरहेको छ । समस्याको जड नबुझी कर वृद्धिलाई संघीयतासँग जोड्नु उपयुक्त हुँदैन ।

संविधान निर्माणका क्रममा देखिएका समस्याहरु विस्तारै उजागर हुदै आएका छन् । त्यसकै एउटा कडी कर वृद्धि पनि हो । यो समस्या समाधानको पहल पनि संघीय संसदबाटै हुन पर्ने आवश्यकता छ ।

(अधिवक्ता झा प्रदेश नं.२ का मुख्यन्यायाधिवक्ता हुन् )

# कसरी गर्ने आपतकालिन व्यवस्थापन ?




**डा. रमेश महर्जन**

मानिसको स्वास्थ्यमा जुनसुकै बेला आपतकालिन अवस्था (इमर्जेन्सी) आउन सक्छ। बाटोमा हिँड्दाहिड्दै लडेर अस्पताल पुर्‍याउनुपर्ने हुन्छ। घरमा खाना पकाउँदा-पकाउँदैं आगोले जलेर अस्पताल लैजानुपर्ने अवस्था आउन सक्छ। सवारीसाधन दुर्घटनामा परेर आकस्मिक रुपमा अस्पताल लैजानुपर्ने हुन सक्छ। यस्तो अवस्था विभिन्न कारणले आउँछन्। यसका साथै छाती तथा पेट दुख्ने, टाउकोदेखि खुट्टासम्म दुख्ने, बेहोस हुने, काम्ने, ज्वरो आउने, बेहोस भएर लड्ने, हृदयाघात हुनेजस्ता समस्यामा आकस्मिक रुपमा अस्पताल पुर्‍याउनुपर्ने हुन्छ।

**किन चाहिन्छ इमर्जेन्सी सेवा ?**

कुनै पनि रोगको सही तरिकाले रोकथाम गर्न इमर्जेन्सी सेवा चाहिन्छ। यस्तोमा रोग पत्ता लगाएर सही उपचार दिइन्छ। प्रायशः हामीहरु बिरामी पर्‍यौं भने भोलि जाउँला, पहिले औषधि पसलबाट किनेको औषधि खाऊ न भन्छौं। परिणाम, रोग बढ्दै जान्छ र आपत्कालिन अवस्थामा अस्पताल जानुपर्ने अवस्था आउन सक्छ।

बिरामीहरुमा आफूलाई लागेको रोगको लक्षण र त्यसबारेको ज्ञानमा कमी छ। जस्तै पेट दुखेको छ भने मुटु दुख्यो भन्छन्। त्यसपछि मुटु अस्पताल जाँदा समय र पैसा दुवै जान्छ त्यसै पनि बिरामीहरु सधैं अन्तिम समयमा आउने गर्छन्। यो अवस्था आउन नदिन रोगसम्बन्धी सचेतना नै जरुरी हुन्छ। कुनै दुर्घटना पर्‍यो भने टिचिङ अस्पताल दौडाउन हतार हुन्छ मानिसलाई। नजिक भएको अस्पताल कसैले पनि सम्झदैन। प्रहरीले पनि नजिकको अस्पताल सम्झदैनन्। त्यसैले प्रहरीलाई पनि 'फस्ट एड'को प्रयोगबारे तालिम दिनुपर्छ। त्यसैले त यस्तो केसमा कहिलेकाहीँ बिरामी ल्याउँदाल्याउदै बाटोमा नै मृत्युका घटना हुन्छन्। बिरामी बचाउन ठूला डाक्टर र ठूला अस्पताल नै चाहिन्छ भन्ने छैन। घटनास्थलमा प्राथमिक उपचार दिएर पनि बचाउन सकिन्छ। घाउमा ब्यान्डेज गर्न सकिन्छ, हातखुट्टा भाचिएको छ भने राम्रोसँग राखेर ल्याउन सकिन्छ।

**एम्बुलेन्समा उपचार सुविधा**

एम्बुलेन्स भनेको गुड्ने सानो 'इमर्जेन्सी रुम' हो, जहाँ बिरामीलाई उपचार गर्दै अस्पतालमा पुऱ्याउने भन्ने बुझिन्छ। तर नेपालमा एम्बुलेन्स भनेको साइरन बजाउँदैं दौडने मात्र भन्ने बुझिन्छ, न त सहयोगी हुन्छन् न त आपतकालिन प्राथमिक उपचार नै।

**इमर्जेन्सी म्यानेजमेन्ट गर्न के गर्नुपर्छ ?**

इमर्जेन्सी हेल्थ केयर सिस्टममा प्रि-हस्पिटल र इन-हस्पिटल गरेर दुइटा सेवा हुन्छन्। यो भनेको एउटा अस्पताल ल्याउनुभन्दा पहिले बिरामीलाई दिने सेवा र अर्को अस्पतालमा आइसकेपछि दिइने सेवा। जुनसुकै कारणले इमर्जेन्सी बिरामी भएपनि सुरुमै गर्ने भनेको प्राथमिक उपचार नै हो। यदि यो नै भएन भने बिरामी बचाउन गाह्रो हुन्छ। तर हामीले बिरामीको ज्यान बचाउने कार्यलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने नै बुझेका छैनौं। सुरुमा नजिकको अस्पतालमा लैजाने र त्यहाँ उपचार हुन सकेन भने अर्को अस्पताल लैजानुपर्छ भन्ने चेतना नै छैन हामी नेपालीमा।

प्राथमिक उपचारका बारेमा विद्यालय तहदेखि नै शिक्षा दिनुपर्छ। सामुदायिक शिक्षकरुलाई तालिम दिइनुपर्छ। अहिले विद्यालयमा स्वास्थ्य शिक्षा पढाइ हुन्छ। तर विद्यार्थीहरुलाई सानातिना कुराको पनि ज्ञान छैन।

**अस्पतालमा किन हुन्छ तनाव ?**

पछिल्ला समय अस्पतालमा बिरामी मृत्युको विषयलाई लिएर अस्पताल व्यवस्थापन र आफन्तबीच तनाव सिर्जना भएका घटना बारम्बार दोहोरिइरहेका छन्। यस्तोमा दोष डाक्टरको पनि हुँदैंन, अस्पतालको पनि हुँदैंन र बिरामीका आफन्तको पनि हुँदैंन। हामी नेपालीहरुमा ज्ञान सीपको कमीले गर्दा यस्तो भैराखेको छ। घटना भएपछि बिरामी आफैको पनि जिम्मेवारी हुन्छ।

बुझाउनुपर्ने कुरा के हो भने बिरामीलाई घटनास्थलबाट बचाउदैं अस्पताल पुऱ्याइन्छ भने मात्र ठूलो अस्पतालका डाक्टरको काम छ। अन्तिम अवस्थामा ल्याइन्छ भने बिरामी बचाउन गाह्रो पर्छ। सुरुमा प्राथमिक उपचार दिनुपर्छ। हेल्थ पोस्टले पनि उपचारको दायित्व पूरा गर्नुपर्छ। एम्बुलेन्समा कसरी राखेर अस्पताल पुऱ्याउने हो भन्ने कुरा एम्बुलेन्सकर्मीलाई पनि थाहा हुनुपर्छ। बीच बाटैमा अस्पताल छ भने त्यहाँ पनि उपचार गर्नुपर्छ। त्यहाँ पनि सम्पूर्ण उपचार सुविधा छैन भने कुन तहको डाक्टर चाहिन्छ, त्यसका लागि अर्को अस्पतालमा रिफर गर्न सकिन्छ। अस्पतालले रिफर गर्दा यस्तो बिरामी छ पठाउँदै छु भनेर सूचना दियो भने अर्को अस्पतालले त्यस्तै प्रकारको तयारी गर्न पाउँछ र बिरामीले छिटो उपचार पाउछन्। विदेशमा यस्तो रिफर प्रणाली छ। त्यसैले बिरामीलाई स्वागत गर्न सबै तयारीका साथ बसेका हुन्छन् डाक्टर र अस्पतालहरु।

तर नेपालमा यस्तो खालको पूर्वतयारी हुँदैंन। एम्बुलेन्स सिधै शिक्षण अस्पताल आइपुग्छ। बिरामी आइपुगेपछि तयारी गर्दा समय लाग्छ। ६ मिनेटमा उपचार गरिसक्नुपर्ने बिरामीलाई ६० मिनेट लाग्छ। हामीकहाँ यस्तो इमर्जेन्सी काम गर्ने डाक्टरको कमी छ। नेपाली फिजिसियनहरु धेरै छन्। तर नेपालमा छैनन् सबै विदेशमा छन्। अब सरकारले सोच्नु पर्ने बेला भएको छ आफ्ना देशका फिजिसियनहरुलाई कसरी नेपाल ल्याएर काममा लगाउने भनेर।

प्राथमिक उपचार (फस्ट एड) र सिपिआर तालिम सबै नागरिकलाई दिइनुपर्छ। अरु देशमा जस्तै नेपालमा पनि यसको शिक्षा अनिवार्य हुनुपर्छ। इमर्जेन्सी सेवाका बारेमा राज्यले एउटा नियम बनाउनु पर्छ र प्रणाली बनाउनु आवश्यक छ। र, इमर्जेन्सी सेवालाई पहिलो प्राथमिकतामा राखिनुपर्छ।



## तपाईंको यो साता

**मेष (गु,गे,गो,सा,सी,सु,से,सो,द):** मिष्ठान्न भोजन प्राप्त हुन सक्छ। पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।

**वृष (य,यो,भा,भी,भू,ध,फा,ढ,भे):** समय मध्यम खालको छ। नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह):** मनमा चंचलता बढ्नेछ। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):** पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। मन प्रफुल्ल रहला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):** शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला। तपाईंको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**कन्या (रा,रि,रु,रे,रो,ता,ती,तु,ते):** समय उत्तम खालको छ। तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

**वृश्चिक:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो):** विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला। मनमा उत्साह र हिम्मत बढ्नेछ।

**तुला (तो,ना,नि,नू,ने,नो,या,यि,यू):** आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**धनु (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो):** समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला। स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न। मन दोधार होला।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी):** समय राम्रो छ। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला। प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला।

**कुम्भ (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला। शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):** समय उत्तम खालको छ। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला। शुभ समाचार सुन्नाले मन प्रशन्न रहला।

कथा साहित्य

# कर

"सरकारले अबदेखि सपनामा कर लगाउने निर्णय गरेको छ । त्यसैअन्तर्गत सूचना मन्त्रालयमा नयाँ विभाग नै खोलेको छ, जहाँ गएर हरेक नागरिकले आफ्नो सपना दर्ता गर्नुपर्नेछ ।"

- कुमार शर्मा

सन्तोषलाई त्यस रात फिटिक्कै निद्रा लागेन । पत्रिकामा दिउँसो पढेको समाचारले उसको मन अस्थिर थियो । दिमाग उथलपुथल बनाएको थियो । चिया पसलमा त्यसै समाचारको बारेमा मान्छे खासखुस गरेको उसले सुनेको थियो । तर, उनीहरूको संवादमा ऊ सहभागी भने हुन चाहेन । अपरिचितहरूसँग भ्याप्पै बोलिहाल्ने उसको स्वभाव पनि होइन ।

दिउँसो पढेको समाचारको शीर्षक भने उसको मन मस्तिष्कमा गढेर बसिरह्यो । प्रयास गर्दा पनि भुलाउन सकेन । समाचारको हेडलाइन थियो, 'सरकारले अब सपनामा पनि कर लगाउने ।

**बम**

त्यो समाचारको सब-हेडलाइन पनि उसले भुल्न सकेको थिएन । त्यो केही यस्तो थियो, 'महत्वाकांक्षी सपना देख्नेहरूमाथि सरकारको २४ घण्टे निगरानी रहने ।'

हुन त ऊ सामान्य मान्छे थियो । उसको सपना पनि आम मान्छेले देख्ने सपनाजस्तै सामान्य थिए । यस्तो समाचारले डराइहाल्नुपर्ने स्थिति त थिएन र पनि ऊ चिन्तित थियो । यसको एउटा कारण भने थियो । पछिल्ला केही दिनमा उसले एउटा सपना देख्न थालेको थियो । अझ भनौं, एउटा सपना मनमनै पाल्न थालेको थियो । लेखक बन्ने सपना । त्यो उसको लागि भयंकर महत्त्वाकांक्षी सपना थियो । पत्रपत्रिकामा फाट्टफुट्ट फुटकर लेख छापिए पनि एउटा किताबै लेखेर लेखक हुने उसको सपना थियो ।

त्यो समाचारमा यो पनि लेखिएको थियो, 'कुन सपना महत्त्वाकांक्षी हुने, कुन नहुने– त्यसको छिनोफानो सरकारी अधिकारीले गर्नेछन् ।'उसलाई आफ्नै सपनादेखि डर लाग्न थाल्यो । जाबो एउटा फ्रिलान्सर भएर किताब लेख्ने सपना देखेकोमा उसलाई आफैंसित रिस पनि उठ्यो ।

'सरकारी अधिकारीलाई पनि मेरो सपना महत्त्वाकांक्षी लाग्यो भने म नाथेले कहाँबाट कर बुझाउने होला ?' यो सोचेरै उसलाई टेन्सन भयो । दुई मिल्ने साथीहरूलाई भोलि बिहान चिया पसलमा भेट्न आग्रह गर्दै सन्तोषले टेक्स्ट पठायो । उनीहरू आउने पक्का भइसकेपछि ऊ केही ढुक्क हुँदै कोल्टे फर्कियो । त्यसपछि भने शायद ऊ निदायो ।

० ० ०

भोलिपल्ट चिया पसलमा तीनै जना साथीको भेटघाट भयो । सन्तोष भने अझै पनि चिन्तित थियो । उसको अनुहार अलि मलिन देखेर पहिलो साथीले सोध्यो, 'होइन, के भयो बे तँलाई ?

टाउको हल्लाउँदै सन्तोषले भन्यो, 'केही होइन । बरु तिमीहरूले हिजोको पत्रिका पढ्यौ ?' सन्तोषले दुवै साथीतिर हेरेर सोध्यो । दुवैले पत्रिका नपढेको कुरा गरे ।

'के थियो र हिजोको पत्रिकामा ? दोस्रो साथीले उसलाई सोध्यो ।

सन्तोषले हिजो आफूले पढेको समाचारबारे बेलीबिस्तार लगायो । शुरुमा उसको कुरा दुवै साथीले पत्याएनन् ।

'कस्तो वाहियात कुरा गरेको ? दिमाग त ठीक ठाउँमा छ तेरो ?' सन्तोषतिर हेर्दै दोस्रो साथी अलि झोक्कियो ।

सन्तोषले त्यही चिया पसलमा बसेर हिजो उक्त समाचार पढेको कुराको कसम नै खायो । दुबै साथीले उसको कुरा अझै पनि पत्याएनन् ।

अरु दिनभन्दा आज चिया पसलमा मान्छेको भीड अलि बढी नै थियो । कुराकानीभन्दा गाइँगुइँ बढी सुनिन्थ्यो । एक हुल मान्छे एकातिर झ्याम्मिएका थिए, जहाँबाट धेरै हल्ला आइरहेको थियो । सन्तोष र उसका दुई साथीलाई पनि सोही भीडले आकर्षित गर्‍यो । अलि बेर कोसिस गर्दा पनि केही पत्तो नपाएपछि नजिकै उभिइरहेको एउटा मान्छेलाई उनीहरूले सोधे ।

'ल, भाइहरूलाई थाहा छैन ? हिजोको समाचार पढिएन कि क्या हो ?' त्यो मान्छेले उल्टै उनीहरूलाई प्रश्न गर्‍यो ।

तीनै जनाले एक-अर्कालाई हेरे । सन्तोषको धड्कन तेज भयो । दुई साथीहरूको मुख पनि बिस्तारै सुक्दै गयो ।

'सरकारले अबदेखि सपनामा कर लगाउने निर्णय गरेको छ । त्यसैअन्तर्गत सूचना मन्त्रालयमा नयाँ विभाग नै खोलेको छ, जहाँ गएर हरेक नागरिकले आफ्नो सपना दर्ता गर्नुपर्नेछ ।

उसको कुरा सुनेर तीनै जना एकचोटि फेरि ट्वाँ परे ।

'सपना पनि दर्ता गर्नुपर्ने ?' सुकेको मुखभित्र बचेको थुक निल्दै सन्तोषले सोध्यो ।

'हो । त्यस्तै छ कुरो । सपनाको प्रकृति हेरेर सरकारले निर्णय गर्छ रे– कति कर लगाउने या छुट दिने !'

सन्तोष र उसका साथीले एक-अर्कालाई हेरे तर केही बोलेनन् ।

'भाइहरू अलि हतास देखिन्छौ नि ! खत्रै सपना पालिया छ कि क्या हो ?' त्यो मान्छेले सोध्यो ।

'त्यस्तो केही होइन दाइ, जिज्ञासा लागेर मात्र सोधेको । बरु हजुरलाई केही असर गरेन यो खबरले ?' सन्तोषले उसलाई सोध्यो ।

'म त शिक्षक मान्छे हो भाइ । आफ्ना त केही सपना छैनन् । न रहर छ, न चिन्ता !' ठट्यौलो पारामा उसले भन्यो ।

त्यो मान्छेसँग बिदा हुँदै तीनै जना चिया पसलबाट निस्किए ।

० ० ०

सपना दर्ता गर्नुपर्ने कुराले तीनै जनाको दिमाग रन्थनिएको थियो । धेरै कर तिर्नुपर्ने त होइन या सरकारको निगरानीमा पर्नुपर्ने त होइन भन्ने कुराले तीनै साथीलाई पिरोलेको थियो । हिँड्दाहिँड्दै सन्तोषले प्रस्ताव गर्‍यो, 'केटा हो ! बरु आजै जाऔँ विभागमा सपना दर्ता गर्न ।'

'हो यार, आजै सोधपुछ गरेर ढुक्क भई बसौं । पछि त फेरि भीड होला, पालो कैले आउने कैले,' पहिलो साथीले 'हो' मा 'हो' मिलाउँदै भन्यो । अन्ततः तीनै जना राजी भएर सूचना विभागतिर लागे । हिँड्दै केहीबेरमा उनीहरू विभाग पुगे ।

'सोधपुछ' लेखिएको ठाउँमा केही मानिस आफ्नो पालो कुर्दै थिए । टोकन लिएर उनीहरू पनि त्यहीँ गएर बसे । केहीबेरमै पहिलो साथीको पालो आयो, जो कामदारको रूपमा दक्षिण कोरिया जाने तयारी गर्दै थियो । हातको पर्ची लिएर पहिलो साथी काउन्टरअघि पुग्यो ।

'भन्नुस्, आज के सहयोग गरौं यहाँलाई ?' कर्मचारी बोल्यो ।

'हजुर ... त्यो ... सपना दर्ता ... गरौं भनेर आएको ।'

'ए ए ! धेरै राम्रो । आजै आउनुभयो, पछि त निकै भीड हुन्छ । भन्नुस् के सपना छ तपाईंको ?' कर्मचारीले सोध्यो ।

'हजुर अहिले दक्षिण कोरियाको भाषा सिक्दै छु । सपनाभन्दा पनि काम गर्न जाने इच्छा छ ।'

'ए ! बधाई छ तपाईंलाई !'

'हजुर किन ?' पहिलो साथी अलि अकमकियो ।

'कामदारको रूपमा विदेश जाने जनशक्तिलाई सरकारको तर्फबाट छुट छ । तपाईं निष्फिक्री हुनुस् ।'

पहिलो साथीको अनुहार केही उज्यालो भयो, 'त्यसो भए मैले चिन्ता गर्नु पर्दैन ?'

'पर्दैन पर्दैन । त्यहाँ पुगेर तपाईंले पठाउने रेमिट्यान्सबाट सरकारले आफ्नो काम चलाइहाल्छ । अहिलेलाई ऊऽऽ पर उभिएर यो फर्म भर्नुस् ।'

लगत्तै दोस्रो साथीको पालो आयो । ऊ पनि टोकन लिएर त्यही कर्मचारीसामु उभियो ।

'तपाईं पनि सपना दर्ता गर्न आउनुभएको त होइन नि ?' कर्मचारीले सोध्यो ।

'हजुर... हो हो ।'

'भन्नुस् के सपना छ तपाईंको ?' 'म अहिले पढ्न अस्ट्रेलिया जाने तयारी गर्दै छु सर । सपना भनौं कि इच्छा... त्यही हो ।'

'ए ! ठूलै महत्त्वाकांक्षा रै'छ त भाइको । पढ्नलाई यहाँ विश्वविद्यालय छैनन् र ? कि भाइको हैसियतअनुसारका भएनन् ?' कर्मचारीको कुरा सुनेर दोस्रो साथी अलि हच्किियो ।

'विदेश पढ्न जाने जनशक्तिलाई सरकारले अलि कडाइ गरेको छ,' कर्मचारीले थप्यो ।

दोस्रो साथीको मुख अरु सुक्यो । उसको अवस्था देखेर कर्मचारीले भन्यो, 'तर चिन्ताको विषय छैन । दुई दिनपछि आफ्नो बुबालाई लिएर यहाँ आउनुस् ।'

कर्मचारीको कुरा सुनेर दोस्रो साथी अलमल्ल पर्‍यो ।

'मैले मेरो हाकिमसँग कुरा गर्नुपर्छ । तपाईंको बुबासँग बसेर हामी आपसमा छलफल गरेर मिलाउँला । तपाईं आफ्नो तयारीमा लाग्नुस्,' केही मुस्कुराउँदै कर्मचारी बोल्यो ।

कर्मचारीको पछिल्लो कुराले दोस्रो साथीलाई अलिकति भए पनि राहत दियो । ऊ पनि साइडमा उभिएर फर्म भर्न थाल्यो ।

अन्तिममा सन्तोषको पालो आयो । फर्म भरिरहेका साथीहरूतिर आँखा लगाउँदै ऊ पनि गएर काउन्टरअगाडि उभियो ।

'के मद्दत गरौं आज तपाईंलाई ?' एकदम मिजासिलो आवाजमा कर्मचारीले सन्तोषलाई सोध्यो ।

साथीहरूतिर इशारा गर्दै सन्तोषले आफू पनि सपना दर्ता गर्न आएको सुनायो ।

'राम्रो गर्नुभयो । सरकारको योजनालाई सबैले यसरी पालना गरिदिए देशले चाँडै फड्को मार्छ ।'

सन्तोषले टाउको हल्लायो ।

'तपाईंको सपनाचैं के छ त ? विदेश जाने त होइन ?' केही मुस्कुराउँदै कर्मचारीले सोध्यो ।

'होइन होइन । मेरो त्यस्तो कुनै ठूलो सपना छैन सर । म त सामान्य मान्छे,' उसले पनि केही मुस्कुराउँदै जवाफ दियो, 'मेरो ठ्याक्कै यही सपना भन्ने त छैन तर एउटा किताब लेख्न पाए हुन्थ्यो भन्ने छ सर । साहित्यमा मेरो रुचि छ ।' उसले सामान्य रूपले जवाफ दियो ।

'किताब लेख्ने सपना ? यो त गज्जब कुरा भयो । तर, आजकल सुन्छु– किताबको खुब मार्केट छ रे ! खैर, सपना दर्ता गर्ने नियमसँगै सरकारले अर्को नियम पनि ल्याएको छ नि, तपाईंलाई त थाहै होला ।'

सन्तोषले आफूलाई थाहा नभएको जनाउँदै टाउको हल्लायो ।

'नयाँ प्रकाशन ऐनअन्तर्गत सबै प्रकारका प्रकाशन गृहले कुनै पनि किताब छाप्नुअघि पाण्डुलिपि सरकारलाई बुझाउनु पर्नेछ,' कर्मचारीले भन्यो ।

'साहित्यिक किताबहरू त पर्दैनन् होलान् नि यो नियमभित्र, होइन सर ?' उसले सोध्यो ।

'पर्छन् नि, किन नपर्नु ? सबै खालका किताबहरूमा लागू हुन्छ यो नियम,' कर्मचारी अलि कड्कियो ।

'साहित्यका केही विधाहरूलाई भने यो नियम अलि खुकुलो छ,' केही नरम हुँदै कर्मचारीले बतायो ।

'भन्नाले ?

'आत्मकथा, यात्रा संस्मरण र प्रेमकथाहरूलाई भने छुट छ । बाँकी सबैको पाण्डुलिपि छापिनुअघि सरकारले हेर्छ ।'

'सेन्सरजस्तो हो सर हो नियम ?' केहीबेर सोचेपछि सन्तोषले सोध्यो ।

'त्यस्तै बुझ्नुस् । बरु तपाईंको सपना कस्तो खालको किताब लेख्ने थियो कुन्नि ?'

आफूलाई राजनीतिक र सामाजिक प्रकृतिका किताबप्रति झुकाव भएको र त्यस्तै केही लेख्ने इच्छा भएको कुरा सन्तोषले कर्मचारीको अगाडि बताउन चाहेन । अहिलेको राजनीतिक अवस्थाको गाम्भीर्यताको भनक उसले बिस्तारै पाउँदै थियो ।

'मलाई प्रेमकथाहरूमा रुचि छ सर, त्यस्तै केही लेखौं भन्ने चाहना हो,' उसले कर्मचारीको अगाडि झुट बोल्नुबाहेक अर्को विकल्प देखेन ।

'एकदम ठीक कुरा गर्नुभयो अहिले । बिक्री हुने भनेकै कि त प्रेमकथा हो कि त आत्मकथा ।'

सन्तोष कर्मचारीलाई हेरेर हाँसेजस्तो गर्‍यो । कर्मचारीले पनि हाँस्दै भन्यो, 'त्यो एउटा लभस्टोरी थियो नि केही वर्षअघि निस्किएको । त्यस्तै के लभ थियो किताबको नाम । त्यस्तै कथा लेख्नुस् तपाईं, मालामाल भइहाल्नुहुन्छ ।'

सन्तोषलाई त्यो कर्मचारीसँग थप कुरा गर्न मन लागेन । मन खिन्नखिन्न भयो । र, पनि साथीहरू उभिएतिर गएर फर्म भर्न थाल्यो । फर्म भर्दै गर्दा उसले मनमनै सोच्यो– अब जर्ज ओर्वेललाई बिर्सिदिन्छु अनि रोमियो जुलियट पढ्न थाल्छु ।

० ० ०

६ महिना बिते । आफूले प्रण गरेजस्तै सन्तोषले जर्ज ओर्वेललाई बिर्सिदियो । उनका किताब पढ्न छाडिदियो । तर, उसले रोमियो जुलियटको कथा भने पढेन । न त 'मुनामदन' नै पढ्यो ।

अर्को ६ महिनापछि त्यही चिया पसलमा त्यही शिक्षकसँग सन्तोषको भेट भयो । सन्तोष आफ्ना नयाँ साथीहरूसँग कुराकानीमा व्यस्त थियो ।

'अनि भाइ, के छ त खबर ?' शिक्षकले सोध्यो ।

साथीहरूसँगको कुराकानी बीचैमा रोकेर सन्तोषले भन्यो, 'ओहो दाइ, आरामै हुनुहुन्छ ? साँच्ची, तपाईंले आफ्नो सपना दर्ता गर्नुभयो नि ?'

'हाहा...ऽऽ छैन भाइ, मेरो केही सपना छैन । म त शिक्षक...'

सन्तोषले बीचैमा उसको कुरा काट्यो । उसको आवाज केही चर्को पनि सुनिन्थ्यो, 'शिक्षक होस् कि विद्यार्थी, सबै नागरिकले आफ्नो सपना दर्ता गर्नुपर्छ दाइ । यो सरकारको नयाँ कानुन हो ।'

'भाइलाई सरकारको खुब चिन्ता छ जस्तो छ नि !' शिक्षकले केही हाँस्दै भन्यो ।

'मेरो कुरा छाडिदिनुस्, दाइलाई बरु आफ्नो चिन्ता छैन जस्तो छ नि !' सन्तोषले पनि केही हाँस्दै भन्यो । तर, उसको आवाजमा भिन्दै कडापन थियो ।

'अनि भाइको परिचय ?'

'म युवा संघको केन्द्रीय सदस्य ।'

युवा संघ एकलौटी सरकार नेतृत्व गरिरहेको पार्टीको भातृ संगठन थियो । सपना दर्ता गर्न ढिला गरिरहेका नागरिकलाई दबाब दिएर दर्ता गराउने जिम्मा संघलाई दिइएको थियो । त्यसको काम-कारबाहीका समाचार दिनहुँजसो छापामा आउँथे । शिक्षकलाई यो सबै थाहा थियो ।

'अनि दाइको परिचय नि ?'

'म... म... शिक्षक... मलाई अहिले हतार छ भाइ, म लागें ।'

'सपना दर्ता गर्नचाहिँ नबिर्सनू दाइ । नत्र मेरा साथीहरू तपाईंलाई भेट्न कोसेली लिएर आउनेछन् ।'

सन्तोष र उसका साथीहरूको लामो अट्टाहास शिक्षकको कानमा पर्‍यो । त्यसपछि त्यो शिक्षक चियापसलमा फेरि कहिल्यै देखा परेन ।



# हनुमाननगरमा बादर आतंक

सप्तरी । सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकाको केन्द्रमा एक बाँदरले आतंक मच्चाउको छ । बाँदरलाई नियन्त्रणमा लिन पछिल्लो तीन दिन यता प्रयास गरिदैं आए पनि असफल भएको छ ।

बाँदर आतंकबाट सर्वसाधारणसँगै प्रहरी समेत पीडित बनेपछि तीन दिनदेखि यो बाँदरलाई नियन्त्रणमा लिने प्रयास प्रहरीले गरेको थियो ।

बाँदरले पछिल्लो एक साता यता गरेको आक्रमणबाट एक दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन् । आतंक मच्चाउने बाँदरलाई नियन्त्रणमा लिन खोज्दा एक जना प्रहरी जवान समत घाइते भएका छन् ।

बाँदरको आक्रमणबाट हनुमाननगर कंकालनी नगरपालिका ७ हनुमाननगर निवासी सुर्यनारायण दासकी पत्नी आशादेवी, डम्बर दास र अर्की ५० बर्षीया महिला घाइते भएकी छन् ।

आशाको कान र टाउकोमा बाँदरले टोकेर घाइते बनाएका छन् भने डम्बरको टाउको र नाम खुल्न नसकेकी ५० बर्षीया महिलाको टाउको र हातमा टोकेर बाँदरले घाइते बनाएका हुन् ।

बाँदरलाई नियन्त्रणमा लिन जालमा फसाउँन पुगेका प्रहरी टोलीमाथि समेत उक्त बाँदरले आक्रमण गरेको छ । बिहीबार राति गएको टोलीमाथि बाँदरले आक्रमण गर्दा प्रहरी जवान बलराम यादव घाइते भएका थिए ।

स्थानीयहरुका अनुसार हनुमाननगर कंकालनी नगरपालिकाको योगिनियाँका अमर दास भन्ने व्यक्ति एक बर्षअघि भारतमा तिर्थ यात्रा गर्न जाँदा उक्त बाँदरलाई ल्याएका थिए । केहि दिन आफ्नै घरमा राखे पनि पछि बाँदर भागेको थियो । सोही बाँदर हनुमाननगरमा आतंक मच्चाइरहेका हो ।


दर्ता नं: १२१०५५/०७० भ्याट नं: ६०१८६०६२७

अमर कम्पनी एण्ड कन्सल्टेन्सी
द्धारा सञ्चालित

## कर सहयोग परामर्श सेवा केन्द्र

सेवाहरु

व्यापार व्यवसाय, उद्योग, संघ-संस्था, सहकारी, ठेक्कापट्टा, गैरसरकारी संस्था, वित्तीय संस्था, शिक्षण संस्था, आदीको कर परामर्श सेवाहरू

१. प्यान भ्याटको वार्षिक नविकरण
२. स्थायी लेखा नम्वर (प्यान/भ्याट) दर्ता
३. आय विवरण, भ्याट विवरण मासिक/चौमासिक
४. शिक्षा तथा स्वास्थ्य सेवा कर विवरण वुझाउने सेवा
५. घर वहाल कर,लाभ कर सामाजिक सुरक्षा कर
६. सम्पूर्ण करको भुक्तानीको व्यवस्था
८ वैक ऋण तथा सरकारी अनुदानका लागि वित्तीय विवरण प्रोफाइल तयार गर्ने
९. कम्पनी दर्ता नविकरण सम्वन्धी सेवा

प्रधान कार्यालय
धरान-१२, चतरा लाईन
फोन नं. ९८५२०४९३२५, ९८४२३५५३६२, ९८०४३५६९२६
Email: accdharan@gmail.com



## २४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरु:

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

स्पोर्ट सेवाहरु:

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,

नोट: प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा

## माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



## खुशीको खवर ! खुशीको खवर !!

### अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोट: आयुर्वेदिक डाक्टरद्वारा ववासिर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टका साथ गरिन्छ ।



## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६, ९८०७७३८९१, ९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।



